# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
### लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१
च.नं.

नदिजन्य पदार्थको विक्रिका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक पटक प्रकाशित मितिः २०८१/०२/१७

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०८ बमोजिम मिति ०८१/०१/०२ को नगरस्तरिय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम विभिन्न खोलाबाट उत्खनन् तथा संकलन भएका नदिजन्य पदार्थको अनुगमन समितिले पेश गरेको प्रतिवेदन बमोजिम वडा नं ९ र १० मा स्टक रहेका नदिजन्य पदार्थ लिलाम विक्रि गर्ने सम्बन्धि वर्दघाट नगरपालिकाको मिति ०८१/२/१६ को निर्णयअनुसार नदिजन्य पदार्थ विक्रिका लागि सूचना प्रकाशन गरिएकोले इच्छुक फर्म वा कम्पनीरुले तपसिल बमोजिमका शर्तको अधिनमा रही १५ दिनभित्र सिलबन्दी प्रकृयामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक यो सूचना प्रकाशन गरिएको छ । फर्म वा कम्पनी तथा संस्थाले नविकरण प्रमाणपत्र, मूल्य अभिवृद्दि कर/प्यान दर्ता प्रमाणपत्र र आ.व.०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ ।

तपसिल

| क्र.स. | सिलबन्दीको नाम | जम्मा परिमाण घन मि. | न्युनतम शिलबन्दी रकम रु मु.अ.कर वाहेक | कैफियत |
|---|---|---|---|---|
| १ | बर्दघाट नगरपालिका वडा नं ९ स्थित दुर्गा मन्दिर परिसरमा | ५००.०० | ३,००,१७४.९५ | |
| २ | बर्दघाट नगरपालिका वडा नं १० स्थित ज्ञानज्योती स्कूल संग जोडिएको खाली स्थानमा | ५८२.५० | ३,४९,७०३.८१ | |

नोटःनगरसभाबाट नदिजन्य पदार्थको रोयल्टी दर प्रति घनफिट रु १७ मू.अ.कर वाहेक निर्धारण गरिएको छ उल्लेखित न्युनतम सिलबन्दी रकममा १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रिम आयकर लाग्नेछ । १ घनमिटर वरावर ३५.३१४७ घनफुट हुनेछ

**शर्तहरु**

*१. कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम तोकिएको दस्तुर रु १००० रकम एनसी एसिया बर्दघाट .आई. शाखामा रहेको राजश्व खाता नं मा ०८३२०५००२८२११००२ जम्मा गरेको भौचर सिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका सिलवन्दी दरभाउपत्र पानामा सही छाप, फर्मको नाम, ठेगाना र कवोल अँक इत्यादी विवरण मिति ०८१/२/३१ गते कार्यालय समय भित्र भरी पेश गर्न सकिने छ ।*

*२ .पेश भएका टेण्डरहरु मिति ०८१/२/३२ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो समयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।*

*३. टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत

# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८०/०८१
च.नं.

४. बोलपत्रमा कबुल रकम अंक र अक्षरमा स्पष्टसंग लेखु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. धरौटी वापत कवोल अँकको Vat समेतको ५ प्रतिशले हुने तोकिएबमोजिमको रकम एन आइ सि एशिया बैंक वर्दघाट शाखामा रहेको हि.नं ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत बोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन । वोलपत्र फाराम भर्नु अघि सम्बन्धित क्षेत्रमा रहेको नदिजन्य पदार्थको स्टकको भेरिफिकेशन ठेकेदारको तर्फबाट समेत गर्नुपर्नेछ ।

६. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ ।

७. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले ३ दिन भित्र मूल्य अभिवृद्धि कर vat बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा १०० प्रतिशत नगदै जम्मा गर्नु पर्नेछ ।

८. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. ठेक्का कवोल गर्ने ठेकेदारले रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी आएमा कानुन बमोजिम कारवाही गरिनेछ ।ठेकेदारले विकि गर्ने नदिजन्य पदार्थहरु मिति ०८१/०३/१५ सम्म विक्रि गरिसक्नुपर्नेछ साथै सम्बन्धित वडा समिति संग समन्वय गरी जुन वडामा स्टक रहेको नदिजन्य पदार्थ हो सोही वडाको विकास निर्माणको लागि विक्रि गरी बाँकी रहेको स्टक मात्र बाहिर विक्रि गर्न पाइनेछ ।

१०. ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

११. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

१२.-.प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१३. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

१४. बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेब साइट www.bardaghatmun.gov.np तथा कार्यालय समय भित्र कार्यालयको फोन नं०७८ .-५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

२०८०/११/१६

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

| ठेक्का |
|---|

| टेण्डर |
|---|

## बर्दघाट न.पा.को नदिजन्य पदार्थ विक्रि ठेक्काको बोलपत्र फाराम

प्रथमपटक सूचना प्रकाशित मिति: २०८१।०२।१७ गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक) | | | धरौटी रकम रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १ | बर्दघाट नगरपालिका वडा नं ९ स्थित दुर्गा मन्दिर परिसरमा | ३,००,१७४.९५ | | | | |
| २ | बर्दघाट नगरपालिका वडा नं १० स्थित ज्ञानज्योती स्कूल संग जोडिएको खाली स्थानमा | ३,४९,७०३.८१ | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नं :-

प्रमुख प्रशासकीय अधिकृत